कालिका नगरपालिका

# कालिका नगर अस्पताल

## कालिका ६ चितवन

बागमती प्रदेश ,नेपाल

कालिका नगरपालिका
कालिका नगर अस्पताल
कालिका-०६, जुटपानी, खोलेसिमल, चितवन
बागमती प्रदेश, नेपाल

### आ.ब. ०८०/०८१ को लागी USG सेवा खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्रको सूचना

### सूचना नं 03/KNH/ USG TEST/080/081

( प्रथम पटक प्रकाशित मिति २०८०/०८/१८

१. USG सेवा प्रदान गर्न ईच्छुक सेवा प्रदायक चिकित्सकले आ.ब. ०८०/०८१ वा सो भन्दा बढी अवधि मान्य नेपाल मेडिकल काउन्सिल दर्ता नबिकरण भएको प्रमाण पत्रको प्रतिलिपि,नेपाल सरकारबाट मान्यता प्राप्त रेडियोलोजिष्टको प्रमाण पत्रको प्रतिलिपि,नेपाली नागरिकताको प्रतिलिपि,शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपि संलग्न राखी यस कार्यालयबाट रु १०००/-(फिर्ता नहुनेगरि )बुझाई तोकिएको मितिभित्र दरभाउ पत्र खरिद गरी उक्त खरिद गरिएकै दरभाउ पत्र नियमानुसार भरि सिलबन्द गरी तोकिएको मितिभित्र यस अस्पतालमा दर्ता गर्नुपर्नेछ ।

२. दरभाउपत्र साथ जमानत बापत रु २५२००।-(अक्षेरुपी पच्चिस हजार दुईसय मात्र ) नगद वा उक्त रकम बराबरको बैंक मौज्दात कम्तिमा ७५ दिनको मान्य अवधि भएको जमानत (विड वण्ड ) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

३. सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म दरभाउपत्र फारम बिक्रि वितरण हुनेछ र १६औं दिनको १२.०० बजे सम्म बिक्रि भैसकेका सिलबन्दी दरभाउपत्रहरुको दर्ता कार्य हुनेछ ।

४. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खुल्ने दिन बिदा परेमा उक्त कार्यहरु सोको भोलिपल्ट हुनेछ । म्यादभित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरू १६औ दिनको २.०० बजे कालिका नगर अस्पताल चितवनको प्रतिनिधि र दरभाउपत्र पेशकर्ता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

५. दरभाउपत्र पेशकर्ता वा निजका प्रतिनिधिहरुको उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउपत्र कबोल गरिएको दररेट अंक र अक्षर दुवैमा प्रस्ट रुपमा लेखिएको हुनु पर्नेछ । कबोल अंकको रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७. दरभाउ पेश गर्दा मूल्य अभिबृद्धि कर सहितको दररेट पेश गर्नुपर्नेछ ।

८. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कबोल अंकको ५ प्रतिशत र नियमानुसारले हुन आउने रकम बराबरको कार्य सम्पादन जमानत (विड वण्ड) मान्यता प्राप्त बाणिज्य बैंकबाट जमानतपत्र वा नगद यस अस्पतालको तोकिएको खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने तथा रद्ध गर्ने सम्पूर्ण अधिकार यस अस्पतालसंग रहनेछ ।

१०. यस सूचनामा समाबेस नभएका अन्य कुराहरु यस कार्यालयसंग हुने सम्झौता सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ ।

Swapnil

प्रमुख

कालिका नगर अस्पताल